*प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्*

# गण्डकी प्रदेश कार्यालय, पोखरा ।

डिप्लोमा/प्रमाणपत्र तह पूर्णशुल्किय तर्फको नयां भर्नाको नतिजा प्रकाशन सम्वन्धी

## अत्यन्त जरुरी सूचना

*प्रथम पटक प्रकाशित सूचना मिति २०७९।०५।२७*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९।०४।१२ र २०७९।०५।०८ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र२०७९/०८०मा डिप्लोमा/प्रमाणपत्र तहको कार्यक्रमको पूर्णशुल्किय तर्फ यस CTEVT,गण्डकी प्रदेश भित्रका शैक्षिक संस्थाहरुमा स्वास्थ्य समूहका विभिन्न कार्यक्रमहरुमा भर्नाका लागि मिति २०७९।०५।१७ गते लिईएको प्रवेश परिक्षामा सहभागी परिक्षार्थीहरुको नतिजा परिक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परिक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धि निर्देशिका २०७९** र सूचना बमोजिम प्राप्ताङ्क योग्यताक्रमका आधारमा प्रकाशन गरिएको छ । सिफारिश गरिएका सफल उमेदवारहरुले (१० दिन भित्रमा) मिति २०७९।०६।०५ गते कार्यालय समय भित्र आफ्नो प्रवेशपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, लक्षित वर्ग कोटामा सिफारिस भएको भए लक्षित वर्गको प्रमाण पत्र सहित सम्वन्धित शैक्षिक संस्थामा सम्पर्क गरि भर्ना हुन सूचित गरिन्छ । सम्वन्धित शैक्षिक संस्थाहरुले पनि यसै सूचनालाई आधार मानी आवेदकले पेश गरेका प्रमाणपत्रहरुको आधारमा भर्ना गर्नु गराउनु हुन अनुरोध छ ।

तोकिएको मिति भित्र सिफारिस भएका मुख्य उमेदवार भर्ना हुन नआएमा वैकल्पिकलाई ७ दिनको म्याद (मिति २०७९।०६।१२ गते कार्यालय समय सम्म) राखी सूचना प्रकाशित गर्न र उक्त सुचनाको अवधिमा समेत भर्ना हुन नआई रिक्त रहेमा रिक्त सिट संख्या स्पष्ट खुलाई सो को जानकारी यस प्रदेश कार्यालयमा पठाउनु हुन र पास लिष्टमा रहेका परिक्षार्थीहरुलाई जानकारी हुने गरि परिक्षा नियन्त्रण कार्यालयवाट जारी **डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परिक्षा संचालन,छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धि निर्देशिका २०७९ को दफा (२५)** मा व्यवस्था भएका विधि र प्रकृयाहरु अवलम्वन गरी विद्यार्थी भर्ना गर्नु गराउनु हुन समेत सम्वन्धित सवै शैक्षिक संस्थाहरुलाई जानकारी गराइन्छ । साथै उत्तरपुस्तिकामा दिइएको निर्देशन पालना हुन नसकेका उत्तरपुस्तिकाहरु रद्द गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

**निर्देशक**